# नेपाल गजेट

खण्ड १ ] नेपाल सरकारद्वारा प्रकाशित [ संख्या १०

काठमाडौं आश्विन २१ गते ०८ साल

## भाग १

### भोजपुरको संक्षिप्त समाचार

श्री माननीय गृहमन्त्रीजीको दौडाहापछि भोजपुरका जनतामा सुरक्षा तथा शान्तिको भावनामा उत्तरोत्तर वृध्दि हुँदै गएको छ। सरकारलाई हरएक कार्यमा सहयोग दिएर स्थानीय जनताले सरकारमा पूर्ण विश्वास तथा प्रेम दर्शाएका छन्।

स्वास्थ्य तथा शिक्षालाई सरकारले आफ्नो कार्यपद्धतिमा प्रथमस्थान दिएको छ। शिक्षा सुलभ गराउन जिल्लामा एक हाइस्कूल तथा विभिन्न इलाकाहरुमा मिडिल तथा अपर प्राइमर स्कूलहरूको स्थापना भैसकेको छ। हाइस्कूलको निमित्त सरकारी कोशबाट २१ हजार रूपैयाँको स्वीकृति दिइसकेको छ र अन्य स्कूलहरुलाई सहायताको स्वीकृति दिने विषयमा सरकार छलफल गरिरहेको छ।

साना साना बिमारीहरूको उपचार स्थानीय सामाजिक संस्थाहरूको सहयोगले सफल भयो, तर मलेरिया कालाज्वर तथा उदरसम्बन्धी रोगको निमित्त अस्पताल बनाउन सरकार केन्द्रसंग लेखापडी गर्दैछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली काँग्रेस तथा श्रीराम सेवासमितिलाई रचनात्मक कार्यमा पूरा भाग लिएकोमा सरकारले धन्यवाद दिएको छ । उक्त संस्थाहरूको मद्दतले नै जिल्लामा प्रौढ पाठशाला र रात्रिस्कूल सफलतापूर्वक काम गर्दै छन् ।

ने.स.प्र.वि.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।